# बेशीसहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेशीसहर, लमजुङ्ग
गण्डकी प्रदेश, नेपाल

## संक्षिप्त सुचीमा सुचीकृत हुने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७६/०९/२४ गते)

१। वेशीसहर नगर कार्यपालिकाको पाँचौ नगरसभाले नगरपालिका भित्रका महत्वपूर्ण पर्यटकीय सम्पदाको प्रवर्द्धन र विकासका लागि निजी क्षेत्रसंग साझेदारी गर्ने नीति लिएको छ ।

२। नगरपालिकाको सोही नीतिलाई कार्यान्वयन गर्ने सन्दर्भमा बेशीसहर नगरपालिकाको वडा नं. १ स्थित गाइखुरे झरनालाई पर्यटकीय पूर्वाधारको रुपमा विकास गर्नेगरी विस्तृत परियोजना प्रतिवेदन (Deteial Project Report) तयार गरेको छ । उक्त विस्तृत परियोजना प्रतिवेदन नगरपालिकाको प्राविधिक शाखामा उपलब्ध छ ।

३। नगरपालिकाबाट तयार भएको विस्तृत परियोजना प्रतिवेदन अनुसार निजी क्षेत्रसंगको साझेदारीमा पूर्वाधार विकासका कार्यहरु अगाडी बढाउनको लागि योग्य र अनुभवी लगानीकर्ता आवश्यक भएकोले यो सुचना प्रकाशित भएको मितिले १५ दिन (२०७६ माघ ९ गते) भित्र नगर कार्यपालिकाको कार्यालयमा इच्छुक लगानीकर्ताहरुले सुची दर्ता गर्न आव्हान गरिएको छ ।

४। सुचीकृत गर्दा कम्पनी/संस्था दर्ता र नविकरणको प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी र सो सम्बन्धी कामको अनुभव भए सोको समेत कागजात पेश गर्नुपर्नेछ ।

५। नगरपालिकाको यस सुचना बमोजिम तोकिएको मितिभित्र संक्षिप्त सुचीमा समावेश संस्था/कम्पनीसंग नगरपालिकाले स्वीकृत गरेको सार्वजनिक निजी साझेदारी नीति, २०७६ बमोजिम कार्यान्वयनको प्रकृया अगाडी बढाइने छ ।

प्रमुख प्रशासकिय अधिकृत

मोहनप्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत